# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन ४ गते २०३२ साल

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

लुम्बिनी विकास समिति (गठन) आदेश, २०३२

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "लुम्बिनी विकास समिति (गठन) आदेश, २०३२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत लुम्बिनी विकास परियोजना सम्झनुपर्छ।

३. समितिको गठनः– (१) लुम्बिनी विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन् ।

(क) निर्माण तथा यातायातमन्त्री वा राज्यमन्त्री – – – – – – – अध्यक्ष

(ख) निर्माण तथा यातायात सहायकमन्त्री – – – – – – – – उपाध्यक्ष

(ग) सचिव, निर्माण यथा यातायात मन्त्रालय – – – – – – – सदस्य

(घ) सचिव, परराष्ट्र मन्त्रालय – – – – – – – – – – – – सदस्य

(ङ) सचिव, अर्थ मन्त्रालय – – – – – – – – – सदस्य

(च) सचिव, वन मन्त्रालय – – – – – – – – – सदस्य

(छ) अञ्चलाधीश, लुम्बिनी अञ्चल – – – – – – – सदस्य

(ज) महा–निर्देशक, पर्यटन विभाग – – – – – – – – सदस्य

(झ) निर्देशक पुरातत्त्व विभाग – – – – – – – – – सदस्य

(ञ) चीफ इञ्जिनीयर, सडक विभाग – – – – – – – सदस्य

(ट) सभापति, रूपन्देही जिल्ला पञ्चायत – – – – – – – सदस्य

(ठ) श्री ५ को सरकारले तोकेको जना व्यक्ति – – – – – सदस्य

(ड) चीफ इञ्जिनीयर, आवास तथा भौतिक परियोजना विभाग – – – – – – – – – – – – – – – सदस्य–सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूको थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिको आमन्त्रणमा श्री ५ को सरकारले कुनै अधिकृत यू. एन .डी .पी. को आवासीय प्रतिनिधि वा स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकार समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः– (१) परियोजना कार्यान्वित गर्नु समितिको कर्तव्य हुनेछ र परियोजनाको कार्यान्वयनको लागि समितिले निम्नलिखित कामहरू गर्न सक्नेछः–

(क) परियोजनाको निर्माण, सञ्चालन वा कार्यान्वयनको सम्बन्धमा नीति निर्धारण गर्ने र ती कार्यहरूको निरीक्षण गर्ने,

(ख) स्वीकृत परियोजनाको निर्माण कार्य सञ्चालन गर्ने,

(ग) योजना कार्यान्वयन गर्न आवश्यक कर्मचारीहरू नियुक्ति गर्ने,

(घ) परराष्ट्र मन्त्रालयमार्फत लुम्बिनी विकास समिति, न्यूयोर्कसंग आवश्यक सहयोग लिने, दिने,

(ङ) परियोजनाको कार्यान्वयनको निमित्त अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको कोषः– (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८०२

(ख) विदेशी राष्ट्र वा स्वदेशी वा विदेशी, संघ संस्था तथा व्यक्तिबाट सहयोग स्वरूप प्राप्त रकम,

(ग) समितिले अरू कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको आय–व्ययको लेखा समितिले बनाएको नियम बमोजिम राखिनेछ ।

६. लेखापरीक्षणः– (१) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

(२) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाबकिताब जाँच्न वा जचाउन सक्नेछ ।

७. अधिकार प्रत्यायोजनः– समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य, सदस्य–सचिव, सदस्यहरूको उप–समिति वा परियोजनाको अरू कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. समितिको बैठक र निर्णयः– (१) समितिको बैठक अध्यक्षले वा अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) अध्यक्ष वा उपाध्यक्ष र सदस्य–सचिवको अतिरिक्त अरू तीनजना सदस्यहरू उपस्थित भएमा समितिको गणपूरक संख्या पूरा भएको मानिनेछ ।

(३) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले समितिको बैठकको अध्यक्षता गर्न सक्नेछ ।

(४) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत समेत दिन सक्नेछ ।

(५) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

(६) समितिको निर्णय समितिको सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

९. नियमहरू बनाउनेः– समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ ।

१०. श्री ५ को सरकारसंग सम्पर्कः– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा निर्माण तथा यातायात मन्त्रालयमार्फत सम्पर्क राख्नुपर्छ ।

११. समितिको कार्यालयः– समितिको प्रधान कार्यालय काठमाडौंमा र योजना कार्यालय लुम्बिनीमा रहनेछ ।

१२. सम्पत्तिको हस्तान्तरः– यो आदेश प्रारम्भ हुनुभन्दा अघि गठन भएको लुम्बिनी विकास समितिको सबै चल तथा अचल सम्पत्ति समितिलाई हस्तान्तरण गरिएको छ ।

१३. अघिको काम कारवाहीको मान्यताः– यो आदेश प्रारम्भ हुनुभन्दा अघि गठन भएको लुम्बिनी विकास समितिले गरी आएको सबै काम कारवाही समितिले गरी आएको सरह मानिनेछ र उक्त लुम्बिनी विकास समितिसित भएको ठेक्का–पट्टा तथा कुराहरू समितिसित भएको मानिनेछ ।

आज्ञाले–
नारायणप्रसाद अर्ज्याल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६७४